# जनता सँग मेयर कार्यक्रम संचालन कार्यविधि २०७४

कार्यपालिकाबाट पारित मितिः २०७४/९/११

नेपालको संविधानसभावाट जारी भएको नेपालको संविधान २०७२ अर्न्तगत राज्य पुर्नसंरचना भई स्थानीय सरकारकारुपमा गठित स्थानीय तहको निर्वाचन पश्चात जनताले उनीहरुकै प्रतिनिधीद्धारा शासन गर्ने अवसर प्राप्त गरेका छन । जनताको सवैभन्दा नजिकको सरकारका रुपमा रहेको स्थानीय तहले जनताका आवश्यकता प्रभावकारीरुपमा सम्वोधन गर्नुपर्ने आवश्यकता टडकारो रहेको छ । बारबर्दिया नगरपालिकाको प्रथम नगरसभाले पारित गरेको जनतासँग मेयर कार्यक्रम कार्यान्वयन गर्न नगरकार्यपालिकाले यो कार्यविधि वनाई लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम जनतासँग मेयर कार्यक्रम संचालन कार्यविधि २०७४ हुनेछ ।

१.१ यो कार्यविधि कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

२. उद्देश्यः

२.१ जनतासँग प्रत्यक्ष सरोकार रहने तथा जिवनस्तरमा प्रत्यक्ष देखिने तथा नतिजा प्राप्त हुने कार्यक्रम मार्फत जनप्रतिनिधी र जनता बिच सुमधुर सम्वन्ध कायम गर्ने ।

२.२ स्थानीय सरकार प्रति अपनत्व सृजना गर्ने तथा रोजगारी तथा स्वरोजगारी मार्फत जनताको जिवनस्तरमा सुधार ल्याउने ।

३. लक्ष्यः

३.१ बारबर्दिया नगरपालिकाका नगरवासी युवा युवती हरुलाई प्राविधिक धारको शिक्षामार्फत रोजगारी स्वरोजगारी सिर्जना गर्ने ।

३.२ युवा युवतीहरुलाई प्रतिस्पर्धात्मक परीक्षाहरु तयारीका अवसरहरु उपलब्ध गराई लोकसेवा आयोग जस्ता योग्यता प्रणाली मार्फत सरकारी सेवा प्रवेशमा उत्प्रेरित गर्ने ।

३.३ अनाथ तथा असाहय बालबालिका संरक्षण गर्ने ।

कार्यान्वयनको तरिकाः

४.१ प्राविधिक धारको शिक्षामार्फत युवा युवतीलाई रोजगार र स्वरोजगार बनाउने प्रयोजनका लागि दुइवटा माधयमवाट सहयोग पुराइने छ ।

४.१.१ बारबर्दिया नगरपालिका अर्न्तगतका कम्तिमा तिनवटा विद्यालयमा प्राविधिक धारको शिक्षा (कृषि, भेटेरनरी तथा इन्जिनियरिड) संचालन गर्नका लागि तोकिएका विद्यालयहरुलाई सहयोग गर्ने तथा जेहेन्दार बिद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराईनेछ।

बारबर्दिया नगरपालिका

४.१.२ प्राविधिक शिक्षा अध्ययन गर्ने अवसर उपलब्ध गराउन त्यस्ता बिषय पठनपाठन गराउने शैक्षिक सँस्थाहरुमा अध्ययन गर्न आवश्यक संख्यामा छात्रवृति उपलब्ध गराइनेछ ।

५. लोकसेवा आयोग तथा त्यस्तै अन्य परीक्षा तयारी गर्न चाहने युवायुवतीहरुलाई स्थानीयस्तरमै तयारी गर्ने अवसर जुटाई सरकारी सेवामा बारबर्दिया नगरपालिका क्षेत्रका नागरिकहरुको उपस्थिति बढाउनका लागि लोक सेवा आयोग तयारी कक्षाहरु सघनरुपमा संचालन गरिनेछ ।

५.१ स्थानीयस्तरमा तयारी गर्ने अवसर प्रदान गर्न नगरपालिका परिसरमा तयारीका लागि आवश्यक पाठय सामग्रीहरु उपलब्ध गराउन नगरपालिकाको लगानीमा सम्पुर्ण स्रोत सामग्रीसहितको एक पुस्तकालय स्थापना गरिनेछ ।

५.२ उक्त पुस्तकालयमा सदस्यता कार्ड मार्फत एकपटकमा एकजनाले एउटा पुस्तक निश्चित समय अध्ययन गर्न लैजान सक्ने गरी व्यवस्थापन गरिनेछ ।

५.३ आवश्यक स्रोत सामग्री उपलब्ध गराइनेछ ।

६. प्राविधिक शिक्षा अध्ययन छात्रवृति प्रदान गर्न सहभागि छनौटका आधारहरुः

ङ सम्वन्धित बिषय अध्ययन गर्न इच्छुक

ङ सम्वन्धित बिषय अध्ययनका लागि भर्ना हुन आवश्यक योग्यता पुगेको

ङ बारबर्दिया क्षेत्रभित्र स्थायी बसोवास भएको

ङ गरिब तथा जेहेन्दार

ङ अध्ययन पश्चात नगरपालिकामा तोकिएको अवधि सेवा (ख्यगिलतभभच)गर्न प्रतिबद्ध

ङ सहभागि छनौट गर्दा आदिवासी जनजाति, जनयुद्ध तथा जनआन्दोलनका घाइते, तथा शहिद वेपत्ता परिवारका सदस्य, थारु, दलित, महिलाहरु कम्तीमा ५० प्रतिशत हुनुपर्नेछ ।

७. प्राविधिक विषय अध्ययन गर्न छात्रवृतिमा अध्ययन गर्न जानु अघि नै नगरपालिका सँग कम्तीमा एक बर्ष नगरपालिकामा सेवा गर्न लिखित सम्फौता गर्नुपर्नेछ ।

८. प्राविधिक धारको शिक्षा संचालनका लागि आवश्यक पुर्वाधार तयार गर्नका लागि सम्वन्धित शैक्षिक सँस्थालाई नगरपालिकाले आवश्यक बजेट रकम अनुदानका रुपमा उपलब्ध गराउन सक्नेछ । उपरोक्त बमोजिमको अनुदान रकम खर्च गर्दा सम्वन्धित सँस्थाले कार्ययोजना तथा प्रगति नगरकार्यपालिकालाई उपलब्ध गराउनुपर्नेछ ।

९. लोक सेवा आयोग तयारी कक्षा संचालन

बारबर्दिया नगरपालिका

९.१ बारबर्दिया नगरका नगरवासी युवा युवतीको सरकारी सेवामा प्रवेश गर्ने मार्ग प्रसस्त गर्न राजपत्र अनंकित प्रथम र द्धितिय श्रेणी (खरिदार र नायव सुब्बा) तहको तयारी कक्षा हरेक बर्ष संचालन गरिनेछ ।

९.२ शुरुवाती चरणमा लोक सेवा आयोगको तयारी कक्षा निशुल्करुपमा संचालन गरिनेछ ।

९.३ कक्षा संचालनको स्थानः नगरकार्यपालिका सँगै रहेको अंशुवर्मा मा.वि. मा तयारी कक्षा संचालन गरिनेछ । लोक सेवा आयोगको तयारी कक्षाका स्रोत व्यक्तिहरु कर्मचारीहरु रहने भएकोले कार्यालय समय बाहिर बिहान वा वेलुका संचालन गरिनेछ ।

९.४ स्रोतव्यक्ति आपुर्ति तथा सुविधा

९.४.१ लोक सेवा तयारी कक्षा संचालन गर्न जिल्ला भित्र तथा जिल्ला बाहिरवाट समेत स्रोत व्यक्तिहरु आमन्त्रण गरिनेछ ।

९.४.२ स्रोतव्यक्तिहरुलाई देहायबमोजिमको सुविधा उपलब्ध गराइनेछ ।

कार्यालय बाहिरवाट आउने स्रोतव्यक्तिहरुलाई यातायात खर्च (हवाई टिकट समेत)

१० लोकसेवा तयारी कक्षा सञ्चालनको लागि एक जना कर्मचारी ब्यवस्थापकको रुपमा तोकिनेछ निजलाई ब्यवस्थपनमा सहयोग गर्न एक जना सहजकर्ता (करारमा लिइने) र एक सहयोगी (करारमा लिइने) तोकिनेछ ।

१०.१ ब्यवस्थापक र सहजकर्तालाई रु.७००। प्रति दिन, सहयोगीलाई रु ४००। प्रति दिन दिईनेछ ।

१०.२ स्रोत सामाग्री, स्टेसनरी लगायतका दैनिक प्रयोग हूने सामाग्रीका लागि आवश्यक खर्च गर्न सकिनेछ ।

१०.३ प्रशिक्षार्थिहरुको सिकाई उपलब्धि मापन गरि पृष्ठपोषण दिन प्रत्येक १५ दिनमा नमुना परिक्षा सञ्चलन गरिनेछ । नमुना प्रश्नपत्र निर्माण, परिक्षा सञ्चालन तथा उत्तरपुस्तिका परिक्षण खर्च देहाय बमोजिम हुनेछ ।

नमुना प्रश्नपत्र निर्माण खर्च तिन हजार प्रति प्रश्नपत्र

परिक्षा सञ्चालन खर्च रु २००० प्रति परिक्षा

उत्तरपुस्तिका परिक्षण खर्च रु २५ प्रति उत्तर पुस्तिका

११ अनाथ तथा असाहय बालबालिका संरक्षण गर्नका लागि नगर प्रमुखलले तोकेको विद्यालयमा छात्राबास सञ्चालन गरिनेछ ।

११.१ उक्त छात्रावासमा अनाथ तथा असाहय बालबालिका सिफारिस गर्न नगर उपप्रमुख को संयोजकत्वमा नगर प्रमुखलले तोकेका दुई जना कार्यपालिका सदस्य सहितको एक समिति हुनेछ ।

११.२ छात्रावासको अनुगमन तथा गुणस्तर नियन्त्रण गर्ने कार्य उक्त समितिको जिम्मेवारी हुनेछ ।

बारबर्दिया नगरपालिका